# औरही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०३९/०८०
चलानी नं. :-

दोश्रो पटक प्रकाशित सूचना
मिति २०८०/०४/०६ गते

## विषय :- हटिया बट्टीको शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम लिन पाउने नगरपालिका क्षेत्र भित्र हटिया बजारको बट्टी असुल कार्यको ठेक्का आ.व.२०८० श्रावण देखि २०८१ असाढ मसान्त सम्म १ वर्षको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन ईच्छूक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रित पूर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र रु.१,०००।- (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

**निम्न**

| वडा नं | हाट बजार | कबोल रकम रु | धरौटी रकम रु. ५% | कैफियत |
|---|---|---|---|---|
| ८ | टिमकिया बजार | ३०,०००। | १,५००। | |

**शर्तहरु :-**

१. आ.व.२०८०/०८१ का लागि ठेक्का रकम भन्दा माथि सबै भन्दा कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही बोलपत्र दातालाई नियमानुसार एक वर्षका लागि दिई चलन गर्न दिईनेछ ।
२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाको कालो सुचीमा राखी सेवा रोक्का व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले लिन पाउने छैन ।
३. प्राप्त बोलपत्रहरु यो सुचना प्रकाशित भएको मिति देखि ७ दिन भित्र मिति २०८० श्रावण १५ गते दिनको १२:०० बजे सम्म दरभाउ खरिद गरी ०२:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।
४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिक ५ प्रतिशत दरले बोलपत्र अंकको धरौटी रकम यस न.पा.को सिटिजन्स बैंकमा रहेको धरौटी खाता हि.नं.०६६०१०००००१२४२०१ मा जम्मा गरि सोको सक्कलै भौचर यस कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्ने छ ।
५. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आँशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.कार्यालयमा सुरक्षित रहने छ ।
६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहिले हुने आउने सम्पूर्ण ठेक्का रकम २ किस्तामा चुक्ता गर्नु पर्ने छ । पहिलो किस्ता रकम सम्झौता गर्दा नै अनिर्वाय दाखिला गर्नु पर्ने छ । दोश्रो किस्ता रकम २०८० पुष मसान्त भित्र सम्ममा जम्मा गर्नु पर्ने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका बिच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार बारवाही अगाडी बढाईनेछ । आ.व.२०८०/०८१ सम्मको एक वर्ष अवधिको बाँकी किस्ता बराबर रकमको परफरमेन्स बण्ड (बैंक ग्यारेन्टी) दिनु पर्ने छ । धन तथा जेथा जमानीलाई मान्यता दिईने छैन ।

निलाम्बर मिश्र
नि. प्रमुख प्रशासकीय अधिकृत

Email : aurahimunmahottari@gmail.com

**औरही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**औरही, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

पत्र संख्या :- २०७९/०८०
चलानी नं. :-

७. ठेकेदारले राखेको बैंक ग्यारेण्टी रकम नगरपालिकाले जुन सुकै बखत माँग गरी आफ्नो बक्यौता रकम असुल उपर गर्ने छ ।
८. ठेकेदारले ठेक्का रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधहरु राख्न पाउने छैन ।
९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानिय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको बिना शर्त पालना गर्नु गराउनु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष माँग दावी ठेकेदारले गर्न पाउने छैन ।
१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल सरकारको कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।
११. ठेक्का चलन गर्दा तोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन । न.पा.को छाप लागेको रसिद भरपाई प्रयोजनमा ल्याउनु पर्ने छ । कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही प्रकृया अगाडी बढाउने छ ।
१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर शुल्क दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।
१३. कुनै किसिमको हडताल बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्ने पाइने छैन ।
१४. स्वीकृत बोल कबोल अंकको रकम एक मुष्ट जम्मा गरेमा कबोल अंक रकमको १० प्रतिशत छुट हुने छ ।
१५. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरी होर्डिङ बोर्ड राख्नु पर्ने छ
१६. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।
१७. ठेकेदार र नगरपालिका कार्यालय बिच विवाद उत्पन्न भएको औरही नगरपालिकाले गरेको निर्णय अन्तिम र दुबै पक्षलाई मान्य हुने छ ।
१८. कुनै पनि बहाना वा कारण देखाई ठेक्का रकम मिनाहा छुट ठेकेदारले दाबी वा माँग गर्न पाउने छैन
१९. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।
२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उत्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

निलाम्बर मिश्र
नि.प्रमुख प्रशासकीय अधिकृत

निलाम्बर मिश्र
नि. प्रमुख प्रशासकीय अधिकृत

Email : aurahimunmahottari@gmail.com